प्रदेश सरकार

लुम्बिनी प्रदेश

# श्रम, रोजगार तथा यातायात व्यवस्था मन्त्रालय

पत्र संख्याः २०७८/०७९ मुकामः बुटवल, नेपाल

चलानी नं.: 66९

मितिः २०७८/११/२७

श्री यातायात ब्यवस्था कार्यालय स. चा. अ. प, रुपन्देही।
श्री यातायात ब्यवस्था कार्यालय, दाङ।
श्री यातायात ब्यवस्था कार्यालय, बाँके।

विषयः **Online Application सम्बन्धमा।**

प्रस्तुत विषयमा यातायात व्यवस्था विभागको प.स. सू. प्र./२०७८/७९ च. न. ३५३, मिति २०७८/११/२६ को Online Application सम्बन्धि विषयको पत्रको छाँया प्रति यसैसाथ सङ्लग्न छ। सो सम्बन्धमा यातायात व्यवस्था विभाग, प्रदेशका सम्वन्धित मन्त्रालयका सचिबज्यूहरु र सवारी चालक अनुमतीपत्र वितरण गर्ने कार्यालयका प्रमुखहरुविच भएको छलफल अनुसार यही २०७८ चैत्र १ गते वाट Online Form दर्ता वन्द गरीने र संबन्धित कार्यालयले हालसम्म परेका अनलाइन आवेदनहरुको कारवाही यही २०७८ चैत्र १५ गतेबाट बढीमा दुई महिना भित्र टुङ्ग्याउने गरी पुनः तालिकिकरण गरी सम्बन्धित सबैमा जानकारी हुनेगरी सूचनाद्धारा सार्वजनिक गरी Office visit date मिलाई व्यवस्थापन गर्नु गराउनुहुन आदेशानुसार अनुरोध छ।

७८/११/26

.........................................

(लक्ष्मण लम्साल)

अधिकृतस्तर आठौं

अधिकृत आठौं

**बोधार्थः**

श्री यातायात व्यवस्था विभाग, मिनभवन काठमाण्डौ

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
# यातायात व्यवस्था विभाग
(सूचना प्रविधि शाखा)

फोन नं. ०१-४४७४१२१
०१-४४७४१२२
E-mail: it@dotm.gov.np
Website: www.dotm.gov.np
मिनभवन, काठमाण्डौं ।

प.सं.: सू.प्र./२०७८/७९
च.नं. ४४३

मितिः २०७८।११।२६

श्री यातायात व्यवस्था तथा सञ्चार मन्त्रालय, प्रदेश नं. १ ।
श्री भौतिक पूर्वाधार विकास मन्त्रालय, मधेश प्रदेश ।
श्री श्रम, रोजगार तथा यातायात मन्त्रालय, बागमती प्रदेश ।
श्री भौतिक पूर्वाधार, शहरी विकास तथा यातायात व्यवस्था मन्त्रालय, गण्डकी प्रदेश ।
श्री श्रम, रोजगार तथा यातायात व्यवस्था मन्त्रालय, लुम्बिनी प्रदेश ।
श्री भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय, कर्णाली प्रदेश ।
श्री भौतिक पूर्वाधार विकास मन्त्रालय, सुदूरपश्चिम प्रदेश ।

विषयः **Online Application सम्बन्धमा** ।

प्रस्तुत विषयमा सवारी चालक अनुमति पत्रको अनलाईन आवेदन दिने आवेदनकर्ताहरुको चाप बढेको तथा एउटै व्यक्तिले पटक पटक आवेदन भर्ने गरेको कारणले गर्दा अहिले आवेदन दिनेहरुको Office Visit Date सन् २०२३/२०२४ सम्म पुगेको व्यहोरा विदितै छ । एउटै व्यक्तिले एकभन्दा बढी पटक र एकभन्दा बढी कार्यालयहरुका लागि आनलाईन आवेदन भर्ने गरेको हुँदा आवेदनकर्ताहरुको संख्या वास्ताविकता भन्दा धेरै देखिएकोले Office Visit Date सन् २०२३/२०२४ पुगी आवेदनकर्ताहरु मर्कामा परेको हुँदा हालसम्म परेका अनलाईन आवेदनहरुको कारवाही यथासक्य चाँडो टुङ्गयाउन पर्ने भएकोले सम्वन्धित मन्त्रालयका सचिवज्यूहरु तथा यातायात व्यवस्था कार्यालयका कार्यालय प्रमुखज्यूहरुसँग भएको छलफल अनुसार २०७८ चैत्र १ गतेदेखि Online Registration Form को दर्ता बन्द गरिने हुँदा तहाँ मन्त्रालय मातहतका कार्यालयहरुलाई हालसम्म परेका अनलाईन आवेदनहरुको कारवाही यही २०७८ चैत्र १५ गतेबाट बढिमा दुई महिनाभित्र टुङ्गयाउने गरी पुनःतालिकीकरण गरी सम्बन्धित सबैमा सूचनाद्वारा सोको जानकारी गराउने व्यवस्था हुन आदेशानुसार अनुरोध छ । साथै अनलाईन मार्फत दर्ता भएका आवेदनहरुको कार्यालयगत रुपमा वर्ग अनुसारको संख्याको विवरण यसैसाथ संलग्न राखी पठाइएको व्यहोरा समेत अनुरोध छ ।

**बोधार्थः**
श्री यातायात व्यवस्था कार्यालय, सबै ।
श्री यातायात व्यवस्था सेवा कार्यालय, सबै ।

श्रम, रोजगार तथा यातायात व्यवस्था मन्त्रालय
लुम्बिनी प्रदेश, मुकामः बुटवल, नेपाल
दर्ता नं. ८२४
दर्ता मिति २०७८।११।२६

.............................
(सन्तोष पोखरेल)
कम्प्युटर ईन्जिनियर